# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३०३ | काठमाडौं | शनिबार, २० फागुन २०७९ | Prabhab National Daily | Saturday, March 04, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

## व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाका लागि सुझाव माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार पारेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त मस्यौदा तयार पारेको हो ।

उक्त मस्यौदामा वैदेशिक रोजगारीमा आबद्ध नेपाली कामदारहरुको मानव अधिकारको सवाल पनि समेटिएको छ। जसमा श्रम आप्रवासन अन्तरदेशीय विषय भएको हुँदा वैदेशिक रोजगारीमा आबद्ध नेपाली कामदारहरुको मानव अधिकार संरक्षणमा प्रभावकारी कार्य गर्नु आवश्यक रहेको उल्लेख गरिएको छ। नेपालको संविधानले प्रत्येक व्यक्तिलाई रोजगारी तथा रोजगारीको छनोट, स्वच्छ वातावरण, सूचना तथा स्वतन्त्रताको पूर्ण उपभोग गर्न पाउने मौलिक हकको प्रत्याभूति गरेको विषय मस्यौदामा उल्लेख गरिएको छ । संयुक्त राष्ट्रसंघीय मानव अधिकारसम्बन्धी उच्च आयुक्तको कार्यालयले व्यवसाय र मानव अधिकारको सम्बन्धमा तयार गरेका ३१ वटा मार्गदर्शक सिद्धान्तको कार्यान्वयन गर्नका लागि सो मस्यौदा तयार गरिएको मन्त्रालयले जनाएको छ। राष्ट्रिय कार्ययोजनाको मस्यौदामाथि राय सुझाव संकलनका लागि वेबसाइटमा प्रकाशन गर्दै मन्त्रालयले सुझाव पेस गर्न सरोकारवाला सबैसँग आग्रह गरेको छ।

सुझाव १५ दिनभित्र पेस गरिसक्नुपर्ने मन्त्रालयद्वारा बिहीबार प्रकाशित सूचनामा उल्लेख छ । 'संलग्न विवरणबमोजिम १५ दिनभित्र राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध छ,' मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ।

## इजरायलको स्याहार केन्द्रका लागि ३ जनाको करार सम्झौता प्राप्त

**काठमाडौं (प्रस)–** इजरायलको दीर्घकालीन स्याहार केन्द्रका लागि छनोट भएका नेपाली सहायक कामदारहरुमध्ये तीन जनाको करार सम्झौता आइपुगेको छ। वैदेशिक रोजगार विभागले बिहीबार एक सूचना जारी गरी रोजगारदाताबाट तीन जनाको करार सम्झौता प्राप्त भएको जानकारी दिएको हो ।

विभागका अनुसार फूलमाया तामाङ, विष्णु गिरी र पार्वती रानाभाटको करार सम्झौतामा रोजगारदाताबाट हस्ताक्षर भई आएको हो। प्राप्त सम्झौतापत्रमा सम्बन्धित उम्मेदवारहरुबाट यही फागुन २४ गतेभित्र सम्झौता गराई पिआइबिए इजरायल पठाउनुपर्ने जनाइएको छ। साथै, भिसा प्रक्रियाका लागि इजरायली दूतावासको कन्सुलर डिभिजनमासमेत पठाउनुपर्ने भएकाले कोभिड-१९ विरुद्धको खोप लगाई आवश्यक कागजात बुझाउन आग्रह गरिएको छ। कागजात उम्मेदवार स्वयंले वैदेशिक रोजगगार कार्यालय ताहाचालस्थित इजरायल शाखामा पेस गर्नुपर्ने पनि विभागले उल्लेख गरेको छ ।

विभागले उम्मेदवारहरुलाई प्रहरी चारित्रिक प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि दुई थान, सक्कल राहदानी र सोको प्रतिलिपि दुई थान, पासपोर्ट साइजको हालसालै खिचेको रंगीन फोटो, निवेदका बखत पेस गरेको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको सक्कलसहित सोको प्रतिलिपि तथा क्लियर ब्याग बुझाउन आग्रह गरेको छ।

साथै, स्वास्थ्य परीक्षणको कागजातसमेत पेस गर्नुपर्ने छ । स्वास्थ्य परीक्षण यसअघि परीक्षण गरेको अस्पतालमै गराउनसमेत विभागले सचेत गराएको छ।

# कैदीसँग सत्ता शक्ति

सत्ता समीकरण मात्र होइन, निर्वाचनमा पनि रेशमको शक्ति देखिएको छ । अर्कातिर संसद्मा सरकार टिकाउन र ढाल्न पनि रेशम र उनी संरक्षक रहेको दल उत्तिकै शक्तिशाली बनेको छ ।

■ प्रभाव संवादादता



**काठमाडौं–** जन्मकैदको सजाय जेलमा भुक्तान गरिरहेका रेशमलाल चौधरी 'आन्तरिक शक्ति केन्द्र' बनेका छन् । उनीसँग नेताहरूको भेटघाट बाक्लिएको छ । भेटघाटको क्रममा नेताहरूले राष्ट्रपति निर्वाचनमा उनीसँग सहयोगको याचना पनि गर्दै आएका छन् ।

उनी संरक्षक रहेको दल नागरिक उन्मुक्ति पार्टी (नाउपा) हो । यो दलको 'रिमोट कन्ट्रोल' उनको हातमा छ । त्यही भएर निर्वाचनमा मत लिन नेताहरूको दौडधुप उनी रहेको डिल्लीबजारस्थित कारागारमा भइरहेको छ ।

राष्ट्रपतिका एमाले उम्मेदवार सुवासचन्द्र नेम्बाङले पार्टी सचिव योगेशकुमार भट्टराईसहितका आफ्ना दलका नेताहरूलाई शुक्रबार रेशमसँग भेटवार्ता गर्न पठाए । सो क्रममा उनीहरूले निर्वाचनमा सहयोग गर्न आग्रह गर्दै रेशमलाई रिहा गराउनसमेत पहल गर्ने आश्वासन दिएको नाउपाले जनाएको छ ।

'हाम्रा उम्मेदवारलाई सहयोग गर्नुहोस्, तपाईंलाई रिहा गर्न पहल गर्छु,' भट्टराईको भनाइ उद्धृत गर्दै नाउपा प्रवक्ता दामोदर पण्डितले बताए ।

२५ फागुनमा राष्ट्रपति निर्वाचन हुँदै छ । गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिका लागि हुन लागेको निर्वाचनमा झट्ट हेर्दा नेम्बाङको मतभार कमजोर देखिन्छ । उनै नेम्बाङले पार्टीका नेताहरूलाई खटाएका हुन् ।

बिहीबार भने आठ दलीय गठबन्धनबाट उम्मेदवार बनेका कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले रेशमलाई भेट गरेका थिए । पौडेलले पनि निर्वाचनमा सहयोग गर्न रेशमलाई आग्रह गरेको उनका सहयोगी चिरञ्जीवी अधिकारीले बताए ।

यसरी सत्ता समीकरण मात्र होइन, निर्वाचनमा पनि रेशमको शक्ति देखिएको छ। अर्कातिर संसद्मा सरकार टिकाउन र ढाल्न पनि रेशम र उनी संरक्षक रहेको दल उत्तिकै शक्तिशाली बनेको छ ।

यही बुझेका एमाले अध्यक्ष केपी शर्मा ओलीले २६ माघको बिहानै सचिव लेखराज भट्टलाई पठाएका थिए । जतिबेला सुदूरपश्चिम प्रदेशका तत्कालीन मुख्यमन्त्री राजेन्द्रसिंह रावल विश्वासको मत लिने शूरमा थिए । तर, रेशमको दलले दिएन । रावलको सरकार ढल्यो । कांग्रेसको बन्यो ।

रेशमको सत्ता शक्ति बुझेका कांग्रेसका मुख्यमन्त्री कमलबहादुर शाह २९ माघमा धनगढीबाट सिँधै डिल्लीबजार आइपुगे । रेशमलाई भेटे । विश्वासको मत मागेर गए । शाहले २९ फागुनसम्ममा विश्वासको मत लिनुपर्ने भएको छ । त्यसबेला रेशमको दलले विश्वासको मत दिन्छ कि दिँदैन भन्ने टुंगो लागेको छैन ।

तर, यति धेरै भएको भेटघाटले रेशमसँग कारागारमै सत्ता शक्ति रहेको टिप्पणी हुन थालेको छ । वर्तमान प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले समेत ८ मंसिरमा कारागारमै रेशमसँग दुई घण्टा गफ गरेका थिए ।

१३ मंसिरमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई चौधरीलाई भेट्न कारागारमै पुगेका थिए । भट्टराई गत ४ असारमा पनि कारागार पुगेका थिए ।

तत्कालीन प्रधानमन्त्री ओलीले ५ पुस २०७७ मा गरिएको संसद्को पुन:स्थापना र नेकपा विभाजन भएपछि सत्ता संकटमा पर्दासमेत नेता महेश बस्नेतलाई कारागार पठाएका थिए । त्यसबेला चौधरीलाई रिहा गर्ने आश्वासन दिएर ओलीले जसपाको साथ लिन खोजेका थिए ।

यी घटनाक्रमलाई आधार मान्दा कारागारमा रहेका रेशम सरकार निर्माणसँगै राष्ट्रपति निर्वाचनदेखि प्रधानमन्त्री वा मुख्यमन्त्रीले विश्वासको मत लिएर सरकार टिकाउन महत्त्वपूर्ण शक्ति केन्द्र देखिएको छ।

रेशम ती नेता हुन्, जो ७ भदौ २०७२ मा टीकापुरमा भएको झडपमा एक नाबालकसहित आठ जनाको मृत्यु भएको घटनामा जिल्ला र उच्च अदालतबाट दोषी ठहरिएका नेता हुन् ।

## तीन पार्टीसँग एमालेले माग्यो मत

**काठमाडौं (प्रस)–** नेकपा एमालेले राष्ट्रपतिको निर्वाचनको मिति नजिकिँदै गर्दा शुक्रबार थप तीन राजनीतिक दलसँग मत मागेको छ । एमालेले शुक्रबार लोकतान्त्रिक समाजावादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीसँग मत मागेको हो ।

ती पार्टीका कार्यालयमा गई एमालेले आफ्नो पार्टीका तर्फबाट उम्मेदवार बनेका सुवासचन्द्र नेम्बाङलाई मत मागेको एमाले सचिव योगेश भट्टराईले जानकारी दिए । राष्ट्रपतिका उम्मेदवार नेम्बाङसहित पार्टीका उपमहासचिव पृथ्वी सुब्बा गुरुङ, सचिव योगेश भट्टराई, पोलिटब्युरो सदस्य ठाकुर गैरसहितको टोली मत माग्नका लागि गएका थिए ।

लोसपाका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी र जनमत पार्टीका अध्यक्ष सिके रावतलाई भेटी उनीहरूले मत मागेका हुन् । बिहीबार पनि एमालेले राष्ट्रपतिका उम्मेदवार नेम्बाङलाई मत माग्नका लागि नेकपा एकीकृत समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपासँग मत मागेको थियो ।

## सबै सांसद र प्रदेशसभा सदस्यलाई पौडेलको पत्र

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेससहित आठ दलीय गठबन्धनका तर्फबाट राष्ट्रपति पदका साझा उम्मेदवार पूर्वसभामुख रामचन्द्र पौडेलले भोट माग्दै सबै संघीय सांसद र प्रदेशसभा सदस्यलाई पत्र लेखेका छन् ।

यही फागुन २५ गते हुने राष्ट्रपतिको निर्वाचनमा उनले आफूलाई मतदान गरी विजयी गराउन अपिल गर्दै प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्य तथा सातै प्रदेशका प्रदेशसभा सदस्यलाई पत्र पठाएका हुन् । 'नेपालका सबै मानिसको नैसर्गिक अधिकार स्थापनाका लागि मैले सानै उमेरदेखि संघर्षको बेडा उठाउँदै आए । फलत: निर्दलीय निरंकुश सत्तासँग म अलिकति पनि झुकिन र पञ्चायतको ३० वर्षे कार्यकालमा त्यसका आधा समय त मैले जेलमै बिताएको हुँ । बहुदलीय व्यवस्थाको पुनरागमन पछिका सत्ताका दिनमा पनि कही कतै नचुकिकन देश र जनताको उन्नति, राष्ट्रिय स्वाधीनता र अस्मिताको लागि निष्ठापूर्वक सकेको सेवा गर्दै आएको र आफ्नो छविमा कतै दाग लाग्न नदिने भरमग्दुर कोसिस गर्दै आएको छु,' उनले पत्रमा उल्लेख गरेका छन् ।




# आमसञ्चारसँग सम्बन्धित विधेयकबारे ध्यानाकर्षण गराउन आग्रह




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले आमसञ्चारमाध्यमसँग सम्बन्धित विधेयकबारे सांसदहरूको ध्यानाकर्षण गराउन प्रेस काउन्सिल नेपाललाई सुझाव दिएका छन् ।

शुक्रबार यहाँ प्रेस काउन्सिल नेपालद्वारा अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा आयोजित ‘ आमसञ्चार माध्यममा महिलाको सवाल’ विषयक कार्यक्रममा बोल्दै उनले भने, ‘आमसञ्चार माध्यमसम्बन्धी विधेयक छिटो ल्याउन र प्रेस काउन्सिल ऐन संशोधन समयमै गर्नका लागि म व्यक्तिगत र संस्थागतरूपमा सुझाव लिन तयार छु ।’

उनले थपे, ‘विधेयकबारे छलफल गर्ने र पास गराउने भूमिका सांसदहरूले हो । सांसदसँगै दलका नेता र सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण हुनेगरी छलफल तथा अन्तर्क्रिया बढाउन आवश्यक छ ।’

उनले पत्रकारितालाई देशको चौथो अंग भन्ने गरे पनि पत्रकारको मूल्यांकन हुन नसक्नु चिन्ताको विषय भएको बताए । उनले विशेषगरी महिला पत्रकारको सुरक्षाका विषयमा राज्य सचेत रहेकोसमेत स्पष्ट पारे ।

अन्तर्क्रियामा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चारसम्बन्धी ऐन र प्रेस काउन्सिल ऐन, २०४८ को संशोधन तत्काल गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । उनले भने, ‘सञ्चारमाध्यमको पुरानो परिभाषाले सञ्चारमाध्यमको नयाँ आयामलाई समेट्न सकेको छैन । काउन्सिलको ऐन र सञ्चारमाध्यमको ऐनलाई तत्काल संशोधन आवश्यक छ ।’ उनले सञ्चारमाध्यमलाई महिलामैत्री बनाउन आचारसंहिताको कार्यान्वयन आवश्यक भएको बताए ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्काले समितिले सीमित क्षेत्राधिकारका कारण अपेक्षाअनुसार काम गर्न नसकेको गुनासो गरिन् । ‘न्यूनतम पारिश्रमिक निर्धारण समितिसँग पत्रकारका अपेक्षा धेरै छन् । तर समितिलाई अनुगमन र सिफारिस गर्नेबाहेक धेरै अधिकार छैन,’ उनले भनिन् । न्यूनतम पारिश्रमिक लागू गराउनका लागि समितिलाई थप अधिकार दिनुपर्ने उनको भनाइ छ ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले पत्रकारितामा महिलाको सहभागिता बढ्दै जानु सकारात्मक भएको धारणा राखे । उनले संख्यासँगै लैंगिकमैत्री वातावरण बनाउनका सबै सरोकारवाला पक्ष लागि पर्नुपर्नेमा जोड दिए ।

सह-प्राध्यापक कुन्दन अर्याल, अधिवक्ता दुर्गा अधिकारी र पत्रकार बबिता बस्नेतलगायतले महिला पत्रकारको सहभागिता बारेमा चर्चा गरेका थिए । अन्तर्क्रिया आमसञ्चारमाध्यममा महिलाको सवाल, महिला पत्रकारको सहभागिता, बौद्धिक हिंसा, कार्यस्थलमा हुने हिंसा र कार्य मूल्यांकनको विषयमा छलफल भएको थियो ।

# मस्तिष्क मृत्यु भएका व्यक्तिबाट मिर्गौला र कलेजोको सफल प्रत्यारोपण

■ प्रभाव संवाददाता

**काठमाडौं–** सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुई जनामा मिर्गौला र एक जनामा कलेजोको सफल प्रत्यारोपण गरिएको छ ।

शुक्रबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्रकार सम्मेलनमार्फत केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले एक व्यक्तिबाट प्राप्त अंगलाई तीन जनामा सफल प्रत्यारोपण भएको जानकारी दिएका हुन् ।

उनले भने, ‘गत मंगलबार सवारी दुर्घटनाबाट परी मस्तिष्क मृत्यु भएकी १७ वर्षीय युवतीबाट केन्द्र र भारतीय चिकित्सकको टोलीले तीन जनामा मिर्गौला र कलेजोको सफल प्रत्यारोपण गर्न सफल भएको छ ।’

दुर्घटनामा परी मस्तिष्क मृत्यु भएकी ती युवतीबाट रुपन्देही मायादेवी गाउँपालिका-४ पविका ४७ वर्षीय पुरुष र सिराहा जिल्ला सिराहा नगरपालिका-१ का ३५ वर्षीय पुरुषमा मिर्गौला प्रत्यारोपण गरिएको थियो । साथै, ललितपुर महानगरपालिका-२५ का ६८ वर्षीय पुरुषलाई कलेजो प्रत्यारोपण गरिएको थियो ।

केन्द्रले २०७४ वैशाख २८ गतेदेखि पहिलोपटक मस्तिष्क मृत व्यक्तिको अंगबाट प्रत्यारोपण सुरु गरेको थियो । हालसम्म केन्द्रमा पाँच जना व्यक्तिबाट अंग प्राप्त गरी १३ जनामा प्रत्यारोपण भएको डा श्रेष्ठले जानकारी दिए ।

डा श्रेष्ठका अनुसार हरेक वर्ष एक हजार जनाको मस्तिष्क मृत्यु हुने गर्छ तर अत्यन्त न्यून संख्यामा अंग दान हुने गरेको छ । मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐनको पहिलो संशोधन २०७२ अनुसार अस्पतालले समन्वय एकाइमार्फत केन्द्रलाई जानकारी दिनुपर्ने प्रावधान भए पनि अस्पतालले जानकारी दिन हिचकिचाहट गर्ने गरेको डा श्रेष्ठले बताए । ‘विश्वमा ८० प्रतिशत प्रत्यारोपण दुर्घटनामा परी मस्तिष्क मृत्यु भएकाबाट प्राप्त हुने गर्छ । तर नेपालमा अस्पतालले केन्द्रलाई जानकारी दिन हिचकिचाउने र सर्वसाधरणमा यससम्बन्धी चेतनाको अभावका कारण दान गर्नेको संख्या न्यून रहेको छ,’ उनले भने ।

मन्त्रालयका सचिव डा रोशन पोखरेलले जनचेतनाको अभावका कारण अंग प्रत्यारोपणका लागि अंग दान गर्नेको संख्या बढ्न नसकेको बताए । उनले भने, ‘मस्तिष्क मृत्युपश्चात् अंगदान गर्नसके अन्य रोग लागेका धेरै बिरामीको ज्यान बचाउन सकिन्छ । तर जनचेतना अभावका कारण अंगदान गर्नेको संख्या बढ्न नसक्नु दुःखद कुरा हो ।’

कलेजो प्रत्यारोपणमा डा रोशन घिमिरे, डा ललितकुमार दास र भारतीय प्रत्यारोपण विशेषज्ञ चिकित्सकको सहभागिता थियो । मिर्गौला प्रत्यारोपण कार्यमा प्रा डा राकेशकुमार वर्मा, प्रा डा पवन चालिसे, डा दिपेश श्रेष्ठ, डा रविकिरण गौतम, डा हरि बराल र डा रोजन अधिकारीलगायत सर्जरीमा कार्यरत चिकित्सकको सहभागिता थियो । एनेस्थेसिया तथा क्रिटिकल केयरमा डा आरती राई, डा निभा श्रेष्ठ, डा शोभित थापा र डा रश्मित श्रेष्ठको सहभागिता थियो ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CASTWELL INDUSTRIES (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१९ LT. No. 265772 चलानी नं. ६०१८१८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 73 | 0 | 1500 | ४४,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २७ गते (11th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

DREAMLAND MANAGEMENT PVT.LTD.
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR CONSUMER COMPLEX WLL

पूर्व स्वीकृति मिति २०७९/११/१९ LT No. 281864 चलानी नं. ६०१९७४७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1400 | ५०,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier Female | 3 | 0 | 1400 | ५०,९७० | | | | | | | |
| 3 | Supervisor | 1 | 0 | 2500 | ९१,०२० | | | | | | | |
| 4 | Salesman | 3 | 0 | 1400 | ५०,९७० | | | | | | | |
| 5 | Labourer | 3 | 0 | 1000 | ३६,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २७ गते (11th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANWAR BEAUTY SALON AND INSTITURE COMPANY FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति २०७९/०९/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१९ LT No :278800 चलानी नं. ६०१९४४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 0 | 4 | 100 | ४३,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 0 | 5 | 150 | ६४,८४० | | | | | | | |

कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०९/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१९ LT. No. 278991 चलानी नं.६०१९४५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 3 | 0 | 130 | ५६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Butcher | 2 | 0 | 140 | ६०,६०० | | | | | | | |
| 3 | Cold Kitchen-cook | 2 | 0 | 130 | ५६,२७० | | | | | | | |
| 4 | Hot Kitchen-cook | 3 | 0 | 150 | ६४,९३० | | | | | | | |
| 5 | Housekeeping | 0 | 3 | 110 | ४७,६१५ | | | | | | | |
| 6 | Indoor Cleaner | 10 | 0 | 85 | ३६,७९५ | | | | | | | |
| 7 | Kitchen Helper | 8 | 0 | 100 | ४३,२८५ | | | | | | | |
| 8 | Labour | 3 | 0 | 120 | ५१,९१५ | | | | | | | |
| 9 | Security Guard | 20 | 0 | 130 | ५६,२७० | | | | | | | |
| 10 | Sisha Maker | 0 | 5 | 120 | ५१,९१५ | | | | | | | |
| 11 | Steward | 10 | 0 | 100 | ४३,२८५ | | | | | | | |
| 12 | Waiter/waitress | 16 | 3 | 120 | ५१,९१५ | | | | | | | |

कम्पनी : SEDZ LAUNDRY COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/१८ LT. No. 282048 चलानी नं.६०१९७४३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Worker | 2 | 0 | 120 | ५१,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ फागुन २७ गते (11th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MANAR MANPOWER SERVICES

पूर्व स्वीकृति मिति २०७९/११/१९ LT. No. 281862 चलानी नं. ६०१९७४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 1 | 1100 | ४००,५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Secretary | 0 | 1 | 2100 | ७६,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २७ गते (11th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUPPORT GATEWAY COMPANY FOR LOGISTICS SERVICES BRANCH

पूर्व स्वीकृति मिति: २०७९/११/१९ LT . No. 281851 चलानी नं. ६०१९७४४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २७ गते (11th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४३५/०६०/०६१

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAUNDRY BASKET FOR CLOTHING WASH

पूर्व स्वीकृति मिति: २०७९/११/१९ LT. No.282111 चलानी नं. ६०१९७४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 2 | 0 | 1500 | ५२,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Laundry Worker | 2 | 0 | 1000 | ३५,२६० | | | | | | | |

कम्पनी : ABDAL RECRUITMENT & MANPOWER SERVICE CO. BRANCH

पूर्व स्वीकृति मिति: २०७९/११/१९ LT. No.281961 चलानी नं. ६०१९७४७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 100 | 0 | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDAL RECRUITMENT & MANPOWER SERVICE CO. BRANCH

पूर्व स्वीकृति मिति: २०७९/११/१९ LT. No.281960 चलानी नं. ६०१९७४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 100 | 0 | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २७ गते (11th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Pigeon International Overseas Pvt. Ltd
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MADANI SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/११/१८ LT. No. 281944 चलानी नं. ६०१९७३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 18 | 3 | 1200 | ४३,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २७ गते (11th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Proficient Employment Services Pvt.Ltd
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600



**परम्परागत घुमाउने घर** | क्होलासोथोंर गाउँपालिका-४ पर्यटकीय गाउँ भुजुङमा अवस्थित परम्परागत घुमाउने घर । *तस्बिरः जनक श्रेष्ठ/रासस*

# बालअधिकार संरक्षणमा चुनौती बढ्दो

**पोखरा (प्रस)–** बालअधिकारका लागि नागरिक समाज (बालअधिकार मञ्च) कास्कीले बाल संरक्षणमा देखिएका चुनौतीका बारेमा छलफल गरेको छ ।

मञ्चले विगत तीन महिनाको अवधिमा नागरिक समाजका तर्फबाट बालअधिकारको संरक्षण सम्वर्द्धनका क्षेत्रमा गरेका कार्य र बाल संरक्षणमा देखिएका चुनौतीका बारेमा छलफल गरेर जिम्मेवार निकायको ध्यानाकर्षण गराएको हो ।

मञ्चले पछिल्लो समयमा बालबालिकामाथि भएका हिंसाका घटना, दुर्घटना, बालश्रम शोषण, मानव बेचबिखनका घटना र सम्बन्धित निकायबाट भएका काम कारबाही प्रति चासो व्यक्त गर्दै ध्यानाकर्षण गराएको पोखरा शान्तिका लागि नागरिक समाजकी सञ्जाल संयोजक बीना सिलवालले जानकारी दिइन् । उनका अनुसार पछिल्लो समयमा पोखराका विभिन्न ठाउँमा नाम नभएका खाजा घर मात्र लेखिएका ठाउँमा १८ वर्ष मुनिका बालिका राखिएको र उनीहरूलाई शंकास्पद तथा जोखिमपूर्ण कार्यमा लगाउने गरेको विभिन्न माध्यमबाट जानकारी पाइएको छ । साथै, आर्थिक अवस्था कमजोर भएका परिवारका बालिकालाई ललाइफकाइ गरेर परिबन्धमा पारेर जोखिम पूर्ण कार्यमा संलग्न गराउने गरेको भेटिएको छ ।

पोखरामा १४ वर्ष मुनिका बालबालिका बालश्रममा देखिनुका साथै बालश्रम निषेध तथा नियमन गर्ने ऐन २०५६ ले जोखिमपूर्ण कामका रूपमा परिभाषित गरेका क्षेत्रमा १८ वर्ष मुनिका बालबालिका श्रममा लगाएको पाइएको विषयमा पनि मञ्चले ध्यानाकर्षण गराएको छ ।

बालश्रमका समस्याअनुसार उद्धार, मुद्दा दर्ता, कारबाही हुन नसकिरहेको र अधिकार प्राप्त निकायबाट गरिनुपर्ने अनुगमन तथा नियमनका कार्य पनि सन्तोषजनक नभएको उल्लेख गरिएको छ । पोखरा महानगरपालिकामा बालश्रम, बालसंरक्षणको प्रमुख सवाल तथा चुनौतीका रूपमा रहँदै आएको र अर्कोतर्फ सुरुआतदेखि नै बालश्रम निषेध तथा नियमन गर्ने ऐन २०५६ को प्रभावकारी कार्यान्वयन हुन नसकिरहेकोप्रति पनि ध्यानाकर्षण गराइएको छ ।

पोखरा-५ खुंडेपोखरीमा डुबेर चार वर्षका बालकको मृत्यु भएको घटना, पोखरा सेतीदोभानस्थित सेनाको प्रशिक्षण केन्द्रको रेञ्ज नजिकको ठाउँमा फेला परेको भनिएको विष्फोटक पदार्थ चलाउँदा उक्त वस्तु पड्कन गई दुई बालक घाइते भएको घटनालाई सरकारले गम्भीरतापूर्वक लिँदै यस किसिमका जोखिम क्षेत्रको पहिचान गरी तार जालीलगायत आवश्यक सुरक्षाको व्यवस्था गर्न माग गरिएको छ ।

पोखराका विभिन्न स्थानमा बालबालिका विद्यालय नगई विद्यालय तथा घर छाडेर नै स्केट खेल्नका लागि जाने, कुलतमा फस्ने, त्यहाँबाट नराम्रा जोखिमपूर्ण गतिविधिमा समेत संलग्न हुन गएका जनाउँदै मञ्चले निगरानी गर्न माग गरेको छ ।

बालअधिकार संरक्षणका विषयमा पोखरा शान्तिका लागि नागरिक समाज, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), बालहितकारी परियोजना नेपाल, चिल्ड्रेन नेपाल असल छिमेकी सहयोग संघ (गोनेसा), पोखरा उद्योग वाणिज्य संघ बालश्रम न्यूनीकरण कार्यक्रम, कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र, शिक्षाका लागि राष्ट्रिय अभियान गण्डकी प्रदेश, एड्भोकेसी फोरम, राइटफर चिल्ड्रेन, सुअवसर ग्राम नेपाल, सिविन नेपाल, शक्ति समूह, महानगर बालमञ्चलगायतका प्रतिनिधिले उक्त समस्याका विषयमा हस्ताक्षर गरी महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, श्रम तथा रोजगार कार्यालयलाई ध्यानाकर्षण पत्र बुझाइएको संयोजक सिलवालले जानकारी दिए ।

# भरतपुरमा निर्माणको चटारा

■ **नारायण अधिकारी**



**चितवन–** यतिबेला भरतपुर छिर्ने जो-कोहीलाई अनौठो लाग्न सक्छ, यहाँ अहिले जताततै निर्माणका काम भइरहेका छन् । बाहिरबाट आएका मानिसमात्रै होइन, महानगरवासीलाई पनि बाटो कता खुला छ र कता बन्द छ भन्ने थाहा पाउन मुस्किल छ। धेरै सडक बनिरहेका छन् भने ठूला पूर्वाधार आयोजनाका काम धमाधम भइरहेका छन् ।

सडकमा हिंड्नेहरूलाई समेत कठिन हुने गरी कामले तीव्रता पाएको छ। भरतपुर महानगरपालिका, बागमती प्रदेश सरकार र संघीय सरकारका विभिन्न मन्त्रालयका बजेटमा यहाँ अर्बौंका काम भइरहेका छन्। महानगर प्रमुख रेनु दाहालको पहिलो कार्यकालमा सम्झौता भएका धेरै कामले अहिले तीव्रता पाएका छन् भने दोस्रो कार्यकालमा भएका सम्झौताअनुसारका काम पनि सुरु भएका छन् ।

सघन सहरी तथा भवन निर्माण आयोजना, नारायणी नदी व्यवस्थापन आयोजना, डिभिजन सडक कार्यालय, डिभिजन खानेपानी कार्यालय, हुलाकी सडक आयोजना, पर्यटन मन्त्रालयका ठूला विकास निर्माण भइरहेका छन् भने प्रदेश र महानगरका विकास योजना पनि अघि बढेका छन् ।

सघन सहरी तथा भवन निर्माण आयोजना चितवनका प्रमुख प्रकाश अर्यालले पश्चिम चितवनमा पहिलो चरणअन्तर्गत ८८ करोड रुपैयाँ ठेक्कामध्येको महानगरका विभिन्न स्थानमा २६ किलोमिटर सडक निर्माण सम्पन्न भएको र १० किलोमिटर बन्ने क्रममा रहेको जानकारी दिए । 'दोस्रो चरणको २६ किलोमिटर सडकमध्ये २० किलोमिटर सम्पन्न भइसकेको छ भने छ किलोमिटर निर्माण भइरहेको छ,' उनले भने।

सोही आयोजनाअन्तर्गत २५ करोड रुपैयाँ लागतमा निर्माण सुरु गरिएको रानीपोखरी र लक्ष्मीणनारायण मन्दिरको ८० प्रतिशत काम सकिएको छ । साथै पाँच किलोमिटर सडक निर्माण भइसकेको छ भने केन्द्रीय बसपार्क मर्मत अन्तिम चरणमा पुगेको छ ।

यस्तै देवघाटमा १० करोड रुपैयाँ लागतमा निर्माण सुरु गरिएको शवदाहाको काम २५ प्रतिशत सम्पन्न भएको छ । महानगरमा बनाउन सुरु गरिएको अत्याधुनिक सिटीहलको आधा काम सकिएको छ । यसका लागि ८८ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजनाले ४१ करोड रुपैयाँ लागतमा १८ किलोमिटर सडक, देवघाटमा बसपार्क र आरतीस्थल निर्माण थालिएको छ। सोही आयोजनाअन्तर्गत वडा नं ७ मा साइकल लेन तथा फुटपाथको काम ८० प्रतिशत सम्पन्न भएको छ। सोही क्षेत्रमा छ करोड रुपैयाँ लागतमा सडक निर्माण थालिएको छ । वडा नं १४ मा दुई करोड रुपैयाँमा कालिका पार्क निर्माण भइरहेको छ ।

नारायणी नदी व्यवस्थापन आयोजनाअन्तर्गत नदी तटबन्धनको काम पनि सुरु भएको छ । नारायणगढ बजार नजिकै पुलको उत्तरतर्फ 'रिभर बिच' बनाइँदै छ भने दक्षिणतर्फ तटबन्ध गरिँदै छ । आयोजना प्रमुख गणेश मरासिनीका अनुसार दुई अर्ब ४३ करोड रुपैयाँ विनियोजन गरिएको छ । नदीलाई पाँच भागमा विभाजन गरेर काम भइरहेको छ ।

'नारायणी बिच १५ करोड ९२ लाख रुपैयाँमा ठेक्का दिएर काम थालिएको छ भने अर्को ठूलो खण्ड काभ्रेघाटबाट रामघाटसम्म एक अर्ब १५ करोड रुपैयाँमा तटबन्धको काम थालिएको छ। अन्य तीन खण्डको काम सुरु गर्ने तयारी भइरहेको छ,' प्रमुख मरासिनीले जानकारी दिए ।

डिभिजन सडक कार्यालयअन्तर्गत नारायणढको पुल्चोकबाट गोन्द्राङसम्म छ लेन सडक निर्माणको ६० प्रतिशत काम पूरा भएको छ। एक अर्ब २३ करोड रुपैयाँ लागतमा सडक निर्माण भइरहेको डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख रमेश पौडेलले जानकारी दिए। यस्तै आँपटारीबाट केन्द्रीय बस टर्मिनलसम्म वाइपास सडकखण्ड निर्माण, ठूला सडकमा स्मार्ट बत्ती जडान तथा भूमिगत विद्युतीकरणको काम भइरहेको प्रमुख पौडेलले बताए ।

त्यस्तै हाकिमचोकदेखि जगतपुरसम्म दुई खण्डमा १३ किलोमिटर हुलाकी सडक विस्तार भइरहेको छ । संघीय सरकारको खानेपानी मन्त्रालयअन्तर्गतका पाँच अर्ब रुपैयाँ हाराहारीका आयोजना केही सम्पन्न भएका छन् भने केही निर्माणका चरणमा छन् । महानगर, एसियाली विकास बैंकको सहलगानीमा खानेपानीको काम हुनाका साथै शारदानगर, दिव्यनगर, जखडीमाईलगायतआयोजनाका काम भइरहेका छन् ।

महानगरस्तरीय आयोजनाअन्तर्गत यस आर्थिक वर्षमा मात्रै १०० किलोमिटर सडक कालोपत्र भएको महानगरका इञ्जिनियर साकार लामाले जानकारी दिए । उनका अनुसार अहिले सडकमा ग्राभेल, मर्मत तथा कालोपत्र गर्ने काम भइरहेका छन्। महानगरीय चक्रपथको ७८ किलोमिटरमध्ये डिभिजन सडक कार्यालयले १६ किलोमिटर, सघन सहरी तथा भवन निर्माण आयोजनाले ११ किलोमिटर, प्रदेश पूर्वाधारले १० किलोमिटर र महानगरले सात किलोमिटर निर्माण गरिसकेका छन् । बाँकी काम डिभिजन सडक कार्यालयले गर्ने गरी प्रक्रिया अघि बढेको छ ।

महानगरको प्रशासनिक भवन निर्माण थालिएको छ । ५३ करोड रुपैयाँमा भवन निर्माणको काम सुरु गरिएको हो । नगरप्रमुख दाहालले महानगर, बागमती प्रदेश र संघीय सरकारका योजनाहरूको काम भइरहेको जानकारी दिए। उनले भने, 'अघिल्लो कार्यकालमा सम्झौता भएका आयोजनाले गति लिएको छ । नयाँ काम पनि सुरु भएका छन् ।'

पालिका निर्माणको महाअभियानमा रहेकाले तत्कालका लागि नगरवासीले केही कठिनाइ भोग्नु परे पनि काम सम्पन्न भएपछि नमूना सहर बन्ने नगरप्रमुख दाहालले बताइन् । उनले महानगरलाई दक्षिण एसियाकै नमूना सहर बनाउने योजनाअनुरुप विकास, निर्माणका काम तीव्रगतिमा भइरहेको बताइन् । प्रमुख दाहालले भनिन्, 'भरतपुर महानगर आगामी पाँच वर्षभित्र एसियाली मापदण्डअनुसारको भौतिक पूर्वाधारले भरिपूर्ण नमूना सहर बन्छ भन्ने मेरो दृढ विश्वास छ ।'

भरतपुर विमानस्थल विस्तार र क्रिकेट रंगशालाको रोकिएको काम तत्काल थाल्नका लागि आफूले केन्द्रीयस्तरमा सार्थक पहल गरिरहेको उनको भनाइ छ। नारायणी नदीमा सिग्नेचर पुलको ठेक्का भइसकेको उनले जानकारी दिइन्। दुई अर्ब रुपैयाँको लागतमा बन्ने पुलको प्राविधिक मूल्यांकन सम्पन्न भएर वित्तीय मूल्यांकन भइरहेको छ।

महानगरका उपप्रमुख चित्रसेन अधिकारीले देशका स्थानीय तहमध्ये सबैभन्दा धेरै विकासका काम भरतपुरमा भइरहेको बताए । 'तत्कालका लागि महानगरवासीलाई समस्या देखिए पनि एक वर्षपछि सबैले विकासको अनुभूति गर्न सक्नेगरी काम भइरहेको छ,' उनले भने । महानगरलाई नमूना सहर बनाउने उद्देश्यले विकासका कामले तीव्रता पाएको उनको भनाइ छ। *रासस*

# सेवाग्राहीमैत्री बन्दै वडा कार्यालय

**तुलसीपुर (प्रस)–** कुनै समय वडा कार्यालय जनप्रतिनिधिविहीन थिए। जनप्रतिनिधिविहीन हुँदा कर्मचारीले वडा चलाउनुपर्ने अवस्था थियो तर अहिले वडावडामा निर्वाचित जनप्रतिनिधि आएपछि सेवाग्राहीमैत्री निर्णय गर्न थालिएको छ । त्यसकै एउटा उदाहरण हो, तुलसीपुर-११ । सेवाग्रही वडा कार्यालयमा आइपुग्दा धेरै प्रक्रिया पुगेको हुँदैन । कसैको निवेदन मिलेको हुँदैन, कसैको कागजात पुगेको हुँदैन । यही कारणले एक दिनमा हुने कामका लागि तीन/चार दिन धाउनुपर्ने अवस्था थियो । यही समस्या समाधान गर्न वडाले नागरिक सहायता केन्द्र सञ्चालनमा ल्याएको हो ।

जहाँ सेवाग्राहीको निःशुल्क निवेदन लेखिनाका साथै आवश्यक कागजात पनि मिलाइन्छ । त्यस्तै निःशुल्क फोटोकपी गरिदिइन्छ । 'सेवाग्राहीलाई धेरै झण्झट हुन थाल्यो, एक दिनमा हुने काम दुई-तीनदिनसम्म धाउनुपर्ने अवस्था अन्त्य गर्न नागरिक सहायता केन्द्रले भूमिका निर्वाह गरेको छ,' वडाध्यक्ष मानबहादुर रावतले भने, 'त्यहाँबाट हामीले निःशुल्क निवेदन लेखिदिनेदेखि लिएर फोटोकपीसम्म गरिदिन्छौं, अन्य कागजात पनि मिलाइदिन्छौं ।'


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७३/०४/०१ मा दर्ता भएको प्रा.लि.नं. १५२४४१ को **शिवशक्ति फर्निचर उद्योग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७५/१२/२५ मा दर्ता भएको प्रा.लि.नं. २१२६५८ को **जामाचो यातायात सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(काठ) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र खयर जातको लट नं.१ देखि लट नं.२ सम्मको गोलिया थान ३९२ को १२१०.८० घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**थाकलचौर सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-२, मकवानपुर**

**डिभिजन वन कार्यालय मकवानपुर, हेटौंडाको**
**वन पैदाबार बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/२०**

यस कार्यालय अन्तरगत हेटौडा ढल्केवर दुहबी ४०० के.भी. विधुत प्रसारण लाइन आयोजनामा परेका तथा जोखिमयुक्त रूखहरू कटानबाट उत्पादन भएका घाटगद्दीहरूमा लट बनाई राखिएको विभिन्न जातको लट नं. १ देखि लट नं. ३ सम्मको गोलिया थान १७८ को २३६४.९७ घनफिट काठ र मिश्रित जातको दाउरा ३.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**(काठ) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको लट नं. १ देखि लट नं. २ सम्मको गोलिया थान ३४४ को २५०२.४० घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कालीबन सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-९, मकवानपुर**

**(काठ) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र चिलाउने जातको लट न.१ को गोलिया थान १२७ को ११९४.८६ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**अमलेचौर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

# ‘जनताको राष्ट्रपति बन्ने मेरो प्रयास हुनेछ’



**सुवासचन्द्र नेम्बाङ**
**राष्ट्रपतिका उम्मेदवार**
**नेकपा एमाले**

- म सबै दल र सांसदसँग पुगेको छु, उहाँहरूसँगको भेटघाटबाट म अत्यन्त उत्साहित छु
- देश, जनता र सांसदबीचमा जुन माहोल देखियो, त्यसबाट मेरो मनोबल एकदम बढेको छ
- राष्ट्राध्यक्ष आलंकारिक हुँदाहुँदै पनि उसले सिंगो देशलाई एकताबद्ध बनाई संविधानको संरक्षण र पालना गर्न महत्वपूर्ण भूमिका खेल्छ, यसको महत्व स्वयंमा प्रस्ट छ
- म 'अलरेडी टेस्टेड' व्यक्ति हुँ, मेरो अध्यक्षतामा रहेको संविधानसभाबाट संविधान जारी भयो, मीठो संयोग भन्नुस्, संविधानको संरक्षण र पालना गर्ने जिम्मेवारीमा रहेको राष्ट्रपति पदमा नै म अहिले उम्मेदवार छु
- संविधानको संरक्षक र पालना गर्न मेरो उम्मेदवारी उपयुक्त छ, यही आधारमा मलाई विजय प्राप्त हुन्छ भन्ने विश्वास छ
- उकुसमुकुसमा रहेका जनताले राष्ट्रपति शीतलनिवासबाट बाहिर निस्कँदा सहजता महसुस गर्नुपर्छ, तिनले आफ्नो अभिभावक आफूबीचमा आएको अनुभूति गर्नुपर्छ

नेकपा एमालेका तर्फबाट मुलुकको नयाँ राष्ट्रपतिका उम्मेदवार बनेका सुवासचन्द्र नेम्बाङले राजनीतिक अस्थिरताका कारण उकुसमुकुसमा रहेका जनताले राष्ट्रपति शीतलनिवासबाट बाहिर निस्कँदा सहजता महसुस गर्ने वातावरण बनाउन आवश्यक रहेको बताएका छन् । राज्य प्रमुखमा आफ्नो उम्मेदवारीका सन्दर्भमा राससस‌ँग कुराकानी गर्दै पूर्वसभामुखले आफू निर्वाचित भएमा सडकमा निस्कँदा जनताले जाम भोग्नु नपर्ने र उडानमा रहँदा आकाश अवरूद्ध नहुने विश्वास दिलाए । उनले भने, 'अघिल्ला अप्ठ्यारालाई अनुभवका रूपमा ग्रहण गर्दै जनभावना बुझेर साँच्चिकै जनताको राष्ट्रपति बन्ने मेरो प्रयास हुनेछ ।' संविधानसभाका अध्यक्ष नेम्बाङले अर्को प्रसंगमा विगतमा सभामुख र संविधानसभाको जिम्मेवारीमा रहँदै पटक–पटक निष्पक्ष र तटस्थताको परीक्षा उत्तीर्ण भइरहेको जिकिर गर्दै राष्ट्राध्यक्षको पद र गरिमाप्रति पनि आफू सचेत रहेको स्पष्ट गरे । प्रस्तुत छ मुलुकको संसदीय अभ्यास र प्रक्रियामा अनुभवी र परिपक्व राजनीतिकर्मीको छवि बनाएका एमाले नेता नेम्बाङसँग रासससका उपप्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने र भीष्मराज ओझाले मुलुकको सर्वोच्च राजकीय पदको निर्वाचन, उम्मेदवारी र राष्ट्राध्यक्षको भूमिकालगायत विषयमा गरेको कुराकानीः

**आगामी नयाँ राष्ट्रपतिको उम्मेदवार भइरहादा मतदातासमक्ष यहाँ के-कस्ता कार्यसूची लिएर जाादै हुनुहुन्छ ?**

मुलुकको संसदीय प्रक्रिया, आन्दोलन र लोकतान्त्रिक अभ्यासमा मैले जसरी काम गरेँ, जे भूमिका रह्यो, जनता र देशसमक्ष प्रस्ट छ । मनमोहन अधिकारी नेतृत्वको सरकारमा कानुन तथा संसदीय व्यवस्थामन्त्री, प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको सभापतिदेखि वि.सं. २०६२/६३ को आन्दोलनपछि सर्वसम्मतिले सभामुख र संविधानसभाका अध्यक्ष चयन भई निर्वाह गरेको भूमिका अवगत नै छ । मैले सबै राजनीतिक दलको विश्वास जितेर त्यस ठाउँमा पुगेर निर्वाह गरेको भूमिकाले एक प्रकारले म परीक्षणमासमेत सफल भएको अतीत छ । यी सबै सन्दर्भलाई सामुन्नेमा राखेर मैले राष्ट्रपतिमा उम्मेदवारी दिएको छु । मेरो पार्टीले यसपटक मलाई राष्ट्रपतिको उम्मेदवारमा अघि सारेको छ । म सबै दल र सांसदसँग पुगेको छु । उहाँहरूसँगको भेटघाटबाट म अत्यन्त उत्साहित छु ।

**एमालेभित्र अरू धेरै वरिष्ठ नेताहरू पनि हुनुहुन्छ, तर तपाईंलाई नै किन यस पदका लागि सर्वसम्मत छानियो होला ?**

